# कक्षा दशको नेपाली पाठ्यपुस्तकका पाठहरूमा प्रयुक्त चित्रहरूको विश्लेषणात्मक अध्ययन


युवराज देवकोटा

परीक्षा क्रमाङ्क : २३३०१२८/०६७

त्रि.वि.दर्त्ता नं. ९-२-२३३-७२-२००४


त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, सिन्धुली बहुमुखी क्याम्पस,

नेपाली भाषा शिक्षा विभाग, स्नातकोत्तर तह, दोस्रो वर्षको

नेपा.शि. ५९८ को प्रयोजनार्थ प्रस्तुत

**शोधपत्र**


नेपाली भाषा शिक्षा विभाग

सिन्धुली बहुमुखी क्याम्पस


**२०७२/२०१६**

# शोधनिर्देशकको सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, सिन्धुली बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग, स्नातकोत्तर तह, दोस्रो वर्षको नेपा.शि.५९८ को प्रयोजनार्थ छात्र युवराज देवकोटाले **कक्षा दशको नेपाली पाठ्यपुस्तकका पाठहरूमा प्रयुक्त चित्रहरूको विश्लेषणात्मक अध्ययन** शीर्षकको शोध अध्ययन मेरो निर्देशनमा तयार पार्नुभएको हो । अति मिहिनेतसाथ तयार पारिएको प्रस्तुत शोधपत्रप्रति म पूर्ण सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : १२ अप्रिल २०१६

शोधनिर्देशक

अर्जुनप्रसाद पौडेल

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह, दोस्रो वर्षको पाठ्यांश नेपा.शि. ५९८ को प्रयोजनार्थ शोधपत्र प्रस्तुत गर्नुपर्ने भएकाले **कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त चित्रहरूको विश्लेषणात्मक अध्ययन** शीर्षकको शोधपत्र श्रद्धेय गुरु श्री अर्जुनप्रसाद पौडेलज्यूको कुशल निर्देशनमा तयार पारेको हुँ । शीर्षक चयनदेखि समापनसम्म आवश्यक सुझाव र उचित निर्देशन दिँदै निरीक्षण, शुद्धीकरण गरिदिनुहुने श्रद्धेय गुरु श्री अर्जुनप्रसाद पौडेलप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्र सम्पन्न गर्नका लागि स्वीकृति प्रदान गर्नुहुने सिन्धुली बहुमुखी क्याम्पसका नेपाली भाषा विभागका विभागीय प्रमुख अर्जुनप्रसाद पौडेल तथा अन्य आदरणीय गुरुहरुप्रति हार्दिक आभार प्रकट गर्दछु ।

अन्त्यमा आफ्नो अति व्यस्त समयका बाबजुद पनि अमूल्य सल्लाह र सुझाव तथा सही मार्ग निर्देश गर्दै उत्कण्ठा र सम्पादनमा विशेष सहयोग प्रदान गर्नुहुने आदरणीय गुरु उपप्राध्यापक श्री अर्जुनप्रसाद पौडेलज्यूप्रति पनि हार्दिक आभार प्रकट गर्दछु । साथै टङ्कनमा आवश्यक सहयोग गर्ने आयुशा बुक्स एन्ड स्टेसनरी सिन्धुलीलाई पनि धन्यवाद दिन चाहन्छु र आवश्यक मूल्याङ्कन लागि पेश गर्दछु ।

मिति : सन् २०१६

शोधार्थी

युवराज देवकोटा

# शोधसार

**शोध शीर्षक:** कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त चित्रहरूको विश्लेषणात्मक अध्ययन

**शोधनिर्देशक** : अर्जुनप्रसाद पौडेल

**शोधार्थी :** युवराज देवकोटा

**क्याम्पस / विभाग :** सिन्धुली बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग

**शैक्षिक वर्ष :** २०६५/२०६७

**पृष्ठ संङ्ख्या :**१०+३१+१२

**अध्याय सङ्ख्या :** पाँच

**समस्याकथन**

कक्षा दशको नेपाली पाठ्यपुस्तकमा के कस्ता चित्रहरुको प्रयोग भएको छ ?

कक्षागत र पाठगत आधारमा चित्रहरुको सान्दर्भिकता के कति रहेको छ ?

**अध्ययनको उद्देश्य**

प्रस्तुत शोध अध्ययन निम्नलिखित उद्देश्यहरूमा केन्द्रित रहेका छन् :

कक्षा दशको नेपाली पाठ्यपुस्तकमा रहेका चित्रहरुको अध्ययन विश्लेषण गर्नु,

कक्षागत र पाठगत आधारमा चित्रहरुको सान्दर्भिकता पहिल्याउनु ।

**निष्कर्ष**

विद्यालय, महाविद्यालय, विश्वविद्यालयहरुमा राखिने पाठ्यपुस्तकमा चित्रित पाठगत चित्रको प्रयोग आधुनिक लेखनको उपज हो । त्यसो त चित्र प्राय अमूर्त हुन्छ । त्यसलाई गरिरिएर मानसविम्बमा नउतारे त्यसको भाव मूर्तिन सक्तैन । यद्यपि भावलाई गहन बनाउन र बोध गम्यतालाई सहज बनाउन आजभोलि विद्यालय तहका पाठ्यपुस्तकमा पनि आवश्यकतानुसार चित्रको प्रयोग गरिएको पाइन्छ ।

कक्षा दशको नेपाली पाठ्यपुस्त (२०६९, पुनर्मुद्रण ) मा जम्मा १६ ओटा पाठहरु छन् । जसमा कविता तिन, कथा तिन, निबन्ध तिन, जविनी तिन, मनोवाद एक, वादविवाद एका, चिठी एक र एकाङ्की एक रहेका छन् । लेखक र पाठ्यवस्तुको चित्र गरी जम्मा ४५

चित्रहरुको प्रयोग गरिएको छ । चित्रहरु श्यामस्वेत रङ्गमा छन् । चित्रहरु पूर्ण छैनन् तापनि त्यसले कुनै प्रत्यक्ष असर पार्ने देखिन्न ।

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह, दोस्रो वर्ष नेपा.शि. ५९८ को पाठ्यांशको प्रयोजनको लागि प्रस्तुत गरिएको हो ।

कक्षा दशको नेपाली किताबमा समावेश गरिएका चित्रहरुको विश्लेषण गर्नु प्रस्तुत शोधको मुख्य उद्देश्य हो । मूलतः पुस्तकालयीय विधिबाट सामग्री सङ्कलन तथा व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

जम्मा पाँच अध्यायमा संरचित प्रस्तुत शोधकार्यको क्रमशः शोधपरिचय, सम्बन्धित साहित्यको पुनरावलोकन तथा पूर्वकार्यको समीक्षा, शोधविधि तथा अध्ययन प्रक्रिया, व्याख्या तथा विश्लेषण र सारांश, निष्कर्ष र उपयोगिता गरी अध्याय विभाजन गरिएको छ ।

कक्षा दशको नेपाली पाठ्यपुस्तकमा राखिएका १६ पाठहरुमा ४५ मात्र चित्रहरु समावेश गरिएको छ । उक्त चित्रहरुलाई बाह्यआन्तरिक आधारहरु खडा गरेर व्याख्या तथा विश्लेषण गरिएको छ ।

बाह्य पक्षअन्तर्गत बनोट, दुरुस्तता र वास्तविकता, सङ्ख्यामा पर्याप्तता, चित्रको आकार, छपाइ प्रविधि, रखाइ र आकर्षण जस्ता आधारलाई व्याख्या विश्लवेषणको आधार बनाइएको छ भने आन्तरिक पक्ष अन्तर्गत विषयवस्तु सुहाउँदा, अमूर्त विचारलाई बुझाउन सहायक, स्व-सिकाइलाई प्रवर्द्धन गर्ने, सिर्जनात्मक विचार जगाउने, बहु सङ्ख्यक विद्यार्थीको बौद्धिक क्षमता सुहाउँदो, सांस्कृतिक र भौगोलिक पूर्वाग्रहबाट मुक्त, लैङ्गिक पक्षपातबाट मुक्त आदि पक्षहरु पर्दछन् ।

यसरी हेर्दा धेरैजसो चित्रहरु बनोटका आधारमा स्तरीय भएपनि. त्यति स्तरीय छैनन् ।दुरुस्तता र वास्तविकताका आधारमा पनि कविता र जीवनी पाठका चित्रहरु कमजोर रहेका छन् । कविता र जीवनीका चित्रहरु बाहेक अन्य चित्रहरु सङ्ख्याका हिसाबले उपयुक्त नै रहेका छन् ।

आकारगत हिसावले चित्रहरु सामान्य छन् । पाठहरु छपाइ प्रविधिका हिसाबले अति त्रुटिपूर्ण देखिँदैनन् । रखाइका हिसावले पाठहरु स्तरीय त छन् तर आकर्षणका हिसाबले कतिपय पाठहरु मध्यम नै रहेका छन् । विषयवस्तुका हिसाबले .चित्रहरु अपुग रहेका छन् । कविता तथा जीवनी पाठका चित्रहरु अर्मूत छन् भने अन्य चित्रहरु सरल छन् । ४५ चित्रहरुमध्ये सबै चित्रहरु सान्दर्भिक रहेका छन् । चित्रहरु भाव वा विचारका संवाहक हुनु जरुरी छ । यसतर्फ सचेतता अपनाइएको पाइँदैन ।

## १.६ शोधपत्रको रुपरेखा

अध्याय एक : शोधको परिचय

अध्याय दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा पूर्वकार्यको समीक्षा

अध्याय तिन : शोधविधि र अध्ययन प्रक्रिया

अध्याय चार : व्याख्या तथा विश्लेषण

अध्याय पाँच : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसामग्रीसूची

परिशिष्ट

# विषयसूची

## अध्याय एक

## शोधपरिचय


| | |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | १-२ |
| १.२ समस्याकथन | २ |
| १.३ अध्ययनको उद्देश्य | ३ |
| १.४ अध्ययनको औचित्य र महत्व | ३ |
| १.५ अध्ययनको सीमा | ४ |
| १.६ अध्ययनको रुपरेखा | ४ |


## अध्याय दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन तथा पूर्वकार्यको समीक्षा


| | |
|---|---|
| २.१ पूर्वकार्यको समीक्षा | ५-७ |
| २.२ सैद्धान्तिक अवधारणा | ७-८ |
| २.३ अध्ययनको उपादेयता | ८-९ |


## अध्याय तिन

## शोधविधि तथा अध्ययन प्रक्रिया


| | |
|---|---|
| ३.१ अध्ययनको ढाँचा | १० |
| ३.२ सामग्री सङ्कलन विधि | १० |
| ३.३ व्याख्या तथा विश्लेषण प्रक्रिया | १० |

## अध्याय चार

## व्याख्या तथा विश्लेषण


| | |
|---|---|
| ४.१ विषय प्रवेश | ११ |
| ४.२ पाठमा प्रयुक्त चित्रहरुको बाह्यान्तरिक अध्ययन | ११ |
| ४.२.१ बाह्य पक्षका आधारमा चित्रहरुको अध्ययन | ११-१७ |
| ४.२.२ आन्तरिक पक्षका आधारमा चित्रहरुको अध्ययन | १७-१८ |
| ४.२.३ पाठगत आधारमा चित्रहरुको अध्ययन | १८-२६ |
| ४.३ सारांश | २६-२७ |


## अध्याय पाँच

## सारांश, निष्कर्ष र उपयोगिता


| | |
|---|---|
| ५.१ सारांश | २८ |
| ५.२ निष्कर्ष | २८-३० |
| ५.३. उपयोगिता | ३० |
| ५.३.१ नीतिगत तह | ३१ |
| ५.३.२ प्रयोगगत तह | ३१ |
| ५.४ भावी अनुसन्धानका सम्भावित शीर्षकहरु | ३१ |

# अध्याय एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा विचार विनिमयको सशक्त माध्यम भएकाले मानिसका हरेक व्यवहारसँग यसले प्रत्यक्ष सम्बन्ध राख्ने हुनाले पनि पठनपाठनका क्रममा यसको महत्वपूर्ण भूमिका रहेको देखिन्छ । भाषा पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरु परिपूर्ति गर्नका लागि नै भाषा पाठ्यपुस्तकको निर्माण गरिएको हुन्छ । अन्य विषयका पाठ्यपुस्तक भन्दा भिन्न प्रकृतिको हुने भाषा पाठ्यपुस्तक भाषा शिक्षणका सन्दर्भमा निर्क महत्वपूर्ण सामग्री हो । त्यसैले पनि भाषा पाठ्यपुस्तकमा निहित विविध पक्षको वारेमा अध्ययन अनुसन्धान हुनु स्वाभाविकै हो । यसका लागि अन्य पक्षहरु जस्तै पाठ्यपुस्तकमा समावेश गरिएका चित्रहरुको भूमिका पनि महत्वपूर्ण देखिन आउँछ ।

निकै ठूलो महत्व बोकेका चित्रहरुको सहयोगबाट कसरि र के कुरा सिकाउने भन्ने कुराको निर्देशन चाहिँ पाठ्यपुस्तकमा दिइएको पाइँदैन । चित्रहरुको सहयोगबाट भाषा सिकारुलाई सिकाउनु औचित्यपूर्ण कार्य भए पनि यो कार्य भने नयाँ देखिएको छ । अतः विद्यार्थीहरुको रुचि, इच्छा, एवम् आवश्यकताका आधारमा विद्यार्थी केन्द्रित शिक्षण गर्न उपयुक्त चित्रहरुको छनोट गरी शिक्षण गर्न सकेको खण्डमा शिक्षामा नयाँ पन आउने निश्चित नै छ । कक्षा दशको नेपाली किताबमा प्रयुक्त चित्रहरुको विश्लेषण गर्नु नै यस शोध अध्ययनको अध्ययनगत पृष्ठभूमि रहेको छ ।

विद्यालय, महाविद्यालय, विश्वविद्यालयहरुमा राखिने पाठ्यपुस्तकमा चित्रित पाठगत चित्रको प्रयोग आधुनिक लेखनको उपज हो । त्यसो त चित्र प्राय अमूर्त हुन्छ । त्यसलाई गहिरिएर मानस विम्बमा नउतारे त्यसको भाव मूर्तिन सक्तैन । यद्यपि भावलाई गहन बनाउन र बोध गम्यतालाई सहज बनाउन आजभोलि विद्यालय तहका पाठ्यपुस्तकमा पनि आवश्यकतानुसार चित्रको प्रयोग गरिएको पाइन्छ ।

विद्यालय तहका पाठ्यपुस्तकहरु विद्यार्थीका रुचिअनुसार राखिएका हुन्छन् । भावलाई तिख्खर बनाउन र चित्रमार्फत् पठनलाई सुरुचिपूर्ण बनाउन चित्रहरुले प्रभावकारी शिक्षणको भूमिका निर्वाह गर्छन् । यस दृष्टिले हेर्दा चित्रको प्रयोग आजभोलि आवश्यक देखिन्छ । यसै

पृष्ठभूमिमा रहेर र चित्रको सान्दर्भिकता तथा आवश्यक विश्लेषण अनि विद्यार्थीको उपस्थितिलाई मध्येनजर गरी यस सन्दर्भमा केही अनुसन्धान भए पनि पठनपाठनका सन्दर्भमा शोध अध्ययन गरिनु  आवश्यक देखिन्छ । त्यसरी नै उपाधि प्रयोजनलाई पनि ध्यान दिई सोही पृष्ठभूमिमा यो अध्ययन गरिएको हो ।

## १.२ समस्याकथन

भाषा विचार विनिमयको सशक्त माध्यम भएकाले मानिसका हरेक सन्दर्भ एवम् प्रसङ्गमा यसले प्रत्यक्ष सरोकार राख्ने हुनाले पनि पठनपाठनका क्रममा यसको महत्वपूर्ण भूमिका रहेको देखिन्छ । भाषा पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरु परिपूर्ति गर्नका लागि नै भाषा पाठ्यपुस्तकको निर्माण गरिएको हुन्छ । अन्य विषयका पाठ्यपुस्तक भन्दा भिन्न प्रकृतिको हुने भाषा पाठ्यपुस्तक भाषा शिक्षण्का सन्दर्भमा निकै महत्वपूर्ण सामग्री हो । त्यसैले पनि भाषा पाठ्य पुस्तकमा निहित विविध पक्षका बारेमा अध्ययन अनुसन्धान हुनु स्वाभाविकै हो । यसका लागि अन्य पक्षहरु जस्तै पाठ्यपुस्तकमा समावेश गरिएका चित्रहरुको भूमिका पनि महत्वपूर्ण रुपमा देखिन आउँछ ।

निकै ठूला महत्व बोकेका चित्रहरुको सहयोगबाट कसरी र के-कुरा सिकाउने भन्ने कुराको निर्देशन चाहिँ पाठ्यपुस्तकमा दिइएको पाइँदैन । चित्रहरुको सहयोगबाट भाषा सिकारुलाई सिकाउनु औचित्यपूर्ण कार्य भए तापनि यो कार्य भने नयाँ देखिएको छ । अतः विद्यार्थीहरुको रुचि, इच्छा एवम् आवश्यकताका आधारमा विद्यार्थी केन्द्रित शिक्षण गर्न उपयुक्त चित्रहरुको छनोट गरी शिक्षण गर्न सकेको खण्डमा शिक्षणमा नयाँपन आउने निश्चित नै छ । कक्षा दशको नेपाली किताबमा समाविष्ट चित्रहरुको अध्ययन गर्दा शोधकार्यमा देखा परेका समस्याहरु यसप्रकार रहेका छन् :

यस शोधको समस्याकथन निम्नानुसार रहेका छन् :

(क) कक्षा दशको नेपाली पाठ्यपुस्तकमा के-कस्ता चित्रहरुको प्रयोग भएको छ ?

(ख) कक्षागत र पाठगत आधारमा चित्रहरुको सान्दर्भिकता के-कति रहेको छ ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत शोध अध्ययन निम्नलिखित उद्देश्यहरूमा केन्द्रित रहेका छन् :

(क) कक्षा दशको नेपाली पाठ्यपुस्तकमा रहेका चित्रहरुको अध्ययन विश्लेषण गर्नु,

(ख) कक्षागत र पाठगत आधारमा चित्रहरुको सान्दर्भिकता पहिल्याउनु ।

## १.४ अध्ययनको औचित्य र महत्व

भनिन्छ, जग बलियो भयो भने मात्र घर बलियो हुन्छ । त्यस्तै राष्ट्रको विकासको लागि अपरिहार्य तत्व भनेको शिक्षा हो । गुणस्तरीय शिक्षाको लागि शिक्षाको जग पनि त बलियो हुनुपर्छ । शिक्षालाई उत्पादनशील र व्याहारिक बनाउनका लागि विद्यालयीय शिक्षालाई नै गुणस्तरीय बनाउँदै लैजानु आवश्यक छ । त्यसका लागि भाषा पाठ्यपुस्तकका हरेक क्रियाकलापलाई ध्यान दिनु नितान्त आवश्यक देखिन्छ । हरेक क्रियाकलापका अतिरिक्त भाषा पाठ्यपुस्तकमा समाविष्ट चित्रहरुको औचित्य कत्तिको सार्थक देखिन्छ । पाठ्य पुस्तकभित्र  चित्र निम्न दृष्टिले राखिन्छ :

पाठले भन्न खोजेको कुरालाई चित्रका माध्यमबाट सजिलै र स्पष्टसँग बुझाउन सकिन्छ । चित्रहरु स्वयम्ले बोलिरहेका हुन्छन्, उनीहरुको बोली बुझ्न मात्र सक्नु पर्दछ । अझ स-साना बालबालिकाको मानसपटलमा त झन् चित्रले निकै गहिरो छाप पार्दछ । एकसँग अर्कोको तुलना गराउन पनि चित्रको महत्व रहेको हुन्छ । प्रश्नोत्तर गराउन, छलफल वा कुराकानीमा सरिक गराउन पनि चित्रको त्यत्तिकै महत्व हुन्छ । विद्यार्थीलाई सिक्ने प्रेरणा प्रदान गर्न चित्रको धेरै आवश्यकता रहेको हुन्छ । त्यसकारण यस्ता विभिन्न कुराहरुलाई विचार गर्दा कक्षा दशको भाषा पाठ्यपुस्तकमा चित्रहरु राखिनु र चित्रहरुको सहयोगबाट सिकाइ प्रक्रिया अगाडि बढाउनु औचित्यपूर्ण देखिन्छ । यसरी चित्रले बालबालिकालाई शिक्षण सिकाइमा सहयोग पुऱ्याउने भएको हुँदा चित्रको अध्ययन गरिनु आफैमा महत्वपूर्ण तथ्य रहेको छ ।

कुनैपनि शोध आफैमा गहन र खोजमूलक हुन्छ । प्रस्तुत शोध अध्ययनले विद्यालय तहको नेपाली भाषा शिक्षणका क्षेत्रमा उपलब्धिमूलक पृष्ठपोषण दिने हुनाले यसको सम्बन्धित क्षेत्रमा औचित्यपूर्ण महत्व रहने देखिन्छ ।

## १.५ शोधको सीमाङ्कन

प्रस्तुत शोध **कक्षा दशको नेपाली पाठ्यपुस्तक** ( **२०६९, पुनर्मुद्रण** ) का १६ वटा पाठहरुको चित्रहरुको विश्लेषणात्मक अध्ययनमा मात्र सीमित रहेको छ । विश्लेषणमा सारभूत भावहरुलाई मात्र अध्ययनको विषयवस्तु बनाउनु र अन्य पक्षको अध्ययन हुन नसक्नु यसको सीमा बनेको छ ।

## १.६ शोधपत्रको रुपरेखा

अध्याय एक : शोधको परिचय

अध्याय दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा पूर्वकार्यको समीक्षा

अध्याय तिन : शोधविधि र अध्ययन प्रक्रिया

अध्याय चार : व्याख्या तथा विश्लेषण

अध्याय पाँच : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसामग्रीसूची

परिशिष्ट

# अध्याय दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा पूर्वकार्यको समीक्षा

## २.१ पूर्वकार्यको समीक्षा

भनिन्छ, हजार शब्दको काम एउटै चित्रले गर्दछ । चित्रलाई सबैले आ-आफ्ना भाषामा बुझ्न सकिने हुनाले यसलाई अन्तर्राष्ट्रिय भाषा पनि भन्ने गरिन्छ । प्रस्तुत शोध शीर्षकसँग सम्बन्धित पहिले भएका केही महत्वपूर्ण अध्ययन अनुसन्धानहरुको सङ्क्षिप्त अध्ययन समीक्षा निम्नानुसार प्रस्तुत गरिएको छ :

अधिकारी हेमाङ्गराज (२०४४) को सम्पादनमा प्रकाशित **शिक्षालाई जीवनपयोगी बनाउने कारक तत्वहरु** लेख अनुसार चित्रहरु सामान्यतया सबै पाठयपुस्तकमा चाहिन्छ तर विशेषत : विज्ञान तथा स्वास्थ्यका पाठयपुस्तकमा प्रयोग र उदाहरण दिन चित्रहरुलाई अझ बढाउन सकिएमा विषयवस्तुहरु अझ रुचिपूर्ण हुने बताइएको भए पनि उक्त सबै कुराको विकासमा नेपाली भाषाको उपयोगिता रहने हुँदा भाषा सिकाइमा पनि यसको मुख्य भूमिका रहने कुरा नकार्न सकिन्न ।

अधिकारी, हेमाङ्गराज (२०५०) कै **नेपाली भाषा शिक्षण**मा वस्तु तथा चित्रवर्णन अन्तर्गत विद्यार्थीहरुलाई खास वस्तुको आकार-प्रकार, कार्य तथा महत्वको मौखिक वर्णन गर्न लगाउनु पनि मौखिक अभिव्यक्ति रचनाका उपयुक्त कार्यकलाप हुन् साथै उनीहरुलाई वस्तु तथा चित्र देखाई तिनको महत्व र कार्यबारे भन्न र प्रोत्साहन गर्न सकिन्छ भन्ने कुरामा जोड दिइएको छ ।

आधारभूत तथा प्राथमिक शिक्षा परियोजना प्राथमिक पाठ्यक्रम पाठयपुस्तक एकाइबाट प्रकाशित **शिक्षक निर्देशिकाको सृजनात्मक तथा अभिव्यक्तिशील कला (२०५०)** अन्तर्गत शिक्षक सङ्गीत, चित्रकला र हस्तकलाको वर्णन गरिएको छ । प्रस्तुत निर्देशिकामा चित्रकला र हस्तकला सिकाउनुको औचित्य अन्य पेशेवर चित्रकार बनाउने अभिप्राय नभई निम्न उद्देश्य परिपूर्तिको लागि राखिएको पाइन्छ । चित्रकला सम्बन्धी साधारण सीपको विकास गर्नु, सौन्दर्यप्रति आस्था जगाउनु र सृजनशीलताको विकास गर्नु यसको उद्देश्य रहेको छ । यी निर्देशिकामा चित्रकलामा शिक्षणसँग सम्बन्धित सामग्री प्रस्तुत गरिएको भए पनि पाठ्यपुस्तकमा राखिएको चित्रहरुको अध्ययन भने गरिएको पाइँदैन ।

खड्का, प्रयागराज (२०५३)द्वारा **कक्षा ६ को हाम्रो नेपाली किताबमा समाविष्ट चित्रहरूको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा विषयवस्तु अनुसार चित्रको अध्ययन, रखाइको दृष्टि, सान्दर्भिकता , भाव तथा बनोट, सिकाइ, स्वाभाविकता, उदाहरण तथा अभ्यास आदिका आधारमा चित्रहरुको अध्ययन गरिएको देखिएको छ । पाठयपुस्तकमा प्रयुक्त चित्रहरुको विश्लेषण गर्नु, उक्त चित्रहरुको उपयुक्तता र पर्याप्तता साथै छनोट गरिएका चित्रहरुको सुझाब दिने उक्त अध्ययनको उद्देश्य रहेको थियो ।

घिमिरे, विष्णुद्वारा प्राथमिक कक्षा १, २ र ३ का लागि **नेपाली भाषा पाठयपुस्तकमा समाविष्ट चित्रहरूको अध्ययन** शीर्षकको शोध अध्ययनमा चित्रको परिचय तथा प्रयोजनका साथै कक्षा १, २ र ३ का नेपाली भाषा पाठ्यपुस्तकमा चित्रहरुको उपयुक्तता, आवश्यकताको चर्चा गरिएको छ । त्यस्तै चित्र रखाइ, विषयवस्तु, चित्रको सङ्गतिका साथै रङ्गका बारेमा चर्चा गरिएको पाइन्छ ।

रिमाल, डिल्लीराम (२०५३) द्वारा **नेपाली शिक्षण** नामक पुस्तकमा नेपाली भाषाका पाठ्यपुस्तक मूल्याङ्कनमा आन्तरिक आधारहरुको चर्चा गर्दा चित्रहरुको पनि चर्चा गरेको पाइन्छ । विना प्रयोजन कुनै पनि चित्रहरुको व्यवस्थापन हुनु हुँदैन । चित्रको प्रयोगबाट भाषालाई व्यवस्थित ढङ्गले शिक्षण गर्न सकिन्छ । भाषिक सिप, विषयगत ज्ञान र धारणाका लागि चित्र चाहिन्छ भनेर चर्चा गरेको पाइन्छ ।

शर्मा, केदारप्रसाद (१९९५) द्वारा **अ क्रिटिकल इभ्यालुएसन अफ प्राइमरी लेभल गभरन्मेन्ट टेस्ट बुक अफ द नेपाली ल्याङ्ग्वेज** भन्ने विद्यावारिधीय प्रतिवेदनमा प्राथमिक तहका पाठ्यपुस्तकको विश्लेषण गर्ने क्रममा चित्रको बारेमा पनि टिप्पणी गरेको पाइन्छ । यस टिप्पणीमा रेखाचित्रका तुलनामा फोटोचित्रको प्रयोग कम गरिएको, भौगोलिक दृश्यको प्रतिनिधित्व नगराइएको र तुलनात्मक रुपमा चित्रको प्रयोग गर्दा काठमाडौँका विद्यार्थीलाई मात्र ध्यानमा राखिएको बताइएको छ ।

यस्तै विभिन्न विदेशी र स्वदेशी लेखकले चित्रको बोमा चित्र के हो ? चित्र कस्तो हुनुपर्दछ ? चित्र पाठ्यपुस्तकमा किन समावेश गरिन्छ ? चित्रको परिचय, गुण, प्रकार, सान्दर्भिकता, उपयुक्तता आदिका बारेमा आफ्नो पुस्तक र साथै शोधपत्रमा उल्लेख गरेको पाइन्छ । माथिको समीक्षाबाट के बुझिन्छ भने नेपालमा पाठयपुस्तक भित्र समावेश गरिएका चित्रहरुको अध्ययन र विश्लेषण सीमित रुपमा मात्रै भएको छ । अझ चित्र किन राख्ने ?

चित्रबाट विद्यार्थीहरुमा के कस्ता आधारहरुमा चित्रको विश्लेषण गर्न सकिन्छ ? भन्ने कुरामा पाठयक्रम तयार गर्ने, गराउने निकाय नै यो क्षेत्रमा स्पष्ट भएको देखिँदैन । पाठयपुस्तकमा प्रयुक्त चित्रहरुको अध्ययनको थालनी पनि भर्खर मात्र हुन थालेको देखिन्छ । यस विषयमा गरिएका आंशिक अध्ययनलाई अगाडि बढाउन वा निरन्तरता प्रदान गर्न र चित्र प्रयोगको सान्दर्भिकता तथा मा.वि तहको कक्षा दशको नेपाल सरकार पाठयक्रम विकास केन्द्रद्वारा प्रकाशित **नेपाली किताबमा** प्रयुक्त चित्रहरुलाई प्रस्तुत अध्ययनको शीर्षक छनोट गरिएको छ । त्यसैले पनि यो अध्ययन तथा अनुसन्धानको अझै महत्व रहेको महसुस भएको हो ।

## २.२ सैद्धान्तिक अवधारणा

### २.२.१ चित्रको परिचय र वाह्यान्तरिक पक्षका आधारमा चित्रहरुको विश्लेषण :

#### २.२.१.१ चित्रको परिचय

चित्र शक्तिशाली हुन्छ । एक हजार शब्दले वर्णन गर्न नसकेका कुरालाई पनि एउटै चित्रले सरल र सजिलो तरिकाले बुझाउन सकिन्छ । हरेक पाठयपुस्तकमा चित्रको विशेष महत्व रहेको हुन्छ, अझ त्यसमा पनि भाषा पाठयपुस्तकमा भाषिक सिप विकासका लागि यसको कम महत्व आँक्न सकिँदैन । माध्यामिक तहभन्दा निम्न माध्यमिक र निम्न माध्यमिकभन्दा प्राथमिक तहमा चित्रहरु तुलनात्मक रुपमा बढी उपयोगी एवम् महत्वपूर्ण हुन्छन् । विशेष गरी भाषा पाठ्यपुस्तकमा चित्रहरुका माध्यमले भाषिक अभ्यासमा सरिक हुन, सिकाइ उत्प्रेरणा वृद्धि गर्न भाषिक ज्ञान र धारणाको विकास गर्न, पढ्न नसक्ने साना बालबालिकाहरुका लागि बोलाइ सिपको विकास गर्न साथै अनुकरणात्मक सिपका विकास गर्न निक्कै मद्दत पुऱ्याएको हुन्छ । शर्मा र पौडेलका अनुसार हजारौं शब्दमा बयान गरेर अर्थ र धारणामा प्रस्ट पार्न नसिकने कुराहरुलाई एउटै चित्रका माध्यमले सजिलै र स्पष्ट किसिमले धारणा बसाल्न सकिन्छ । फोटोचित्र र रेखाचित्र गरी चित्रलाई दुई किसिमले विभाजन गर्न सकिन्छ । पाठयपुस्तकमा कतै रेखाचित्रको प्रयोग गरिएको हुन्छ भने कतै फोटोचित्रको प्रयोग गरिएको हुन्छ । चित्र आफै बोल्छ भन्ने कथनले पनि पाठयपुस्तकमा चित्रको महत्व झल्किन्छ । यसबाट पाठ्यपुस्तकका उद्देश्यहरु पुरा गर्न चित्रको महत्वको पनि स्पष्ट भूमिका रहेको हुन्छ । चित्र राख्नुको उद्देश्य बालबालिकाहरुमा चित्र कोर्ने बानीको समेत विकास गर्नु हो । तर, फोटो राखेर त्यो उद्देश्य पुरा गर्न त्यति सकिने देखिँदैन ।

## २.३ सैद्धान्तिक प्रारुप

**नेपाली बृहत् शब्दकोश** (२०४०) ले चित्रको अर्थ प्रस्तुत गरेको छ, जसलाई तस्वीर ,छापा, फोटो, चित्रपट, प्रतिमा आदि भनिएको छ ।

**प्रयोगात्मक नेपाली शब्दकोश** (२०६१) ले लेखेर, कोरेर वा खिचेर बनाइएको कुनै वस्तुको रुप वा आकृति, तस्वीर र फोटोलाई चित्र भनेर अर्थ्याएको छ ।

यस्तै **रेन्डम हाउसको डिक्सनरी आफ द इङ्लिस तथा ल्याङ्ग्वेज (१९७५)** मा चित्रको अर्थ दिने काम भएको छ । यसले चित्रको अर्थलाई तस्वीर प्रमाणित गर्नु र उदाहरण दिनुका रुपमा लिएको छ ।

यसै गरी **अक्सफोर्ड एड्भान्स लर्नर डिक्सनरी** (१९९२) मा चाहिँ तस्वीर निर्माण, रङ्गीन तस्वीर, उदाहरण र चित्रको संयोजन गर्नु हो भन्ननिएको छ ।

यस्तै **अजन्ता कम्प्रोहेन्सिभ डिक्सनरी** (१९९८) मा चित्र, उदाहरण, चित्रण तथा स्पष्टीकरणका रुपमा चिलाई परिभाषित गरिएको छ ।

## २.४ अध्ययनको उपादेयता

भाषा पाठ्यपुस्तकमा चित्रको महत्वपूर्ण स्थान हुन्छ । हुनत अन्य पाठ्यपुस्तकमा चित्र कम उपयोगी हुने चाहिं होइनन् तर सामाजिक, गणित, अर्थशास्त्र आदि विषयको तुलनामा भाषा पाठ्यपुस्तकमा चित्र बढी उपयोगी हुन्छन् । विषयवस्तुले बुझाउन खोजेका कुरालाई धेरै शब्दले वर्णन गर्नुभन्दा एउटै चित्र राख्नु भाषा सिकाइमा बढी प्रभावकारी हुन्छ । सबै मानिसमा कोही बौद्धिक हुन्छन् त कोही विद्यार्थी मध्यम त कोही मन्द बुद्धिका हुन्छन् ।

पाठ्यपुस्तकमा राखिएका चित्रहरु सबै विद्यार्थीहरुका लागि उपयोगी हुन्छन् । त्यसमा पनि मन्द र कमजोर बौद्धिक क्षमता भएका विद्यार्थीहरुका लागि चित्र वरदान नै सावित हुन्छ । पढ्न नसक्ने विद्यार्थीहरु आफै पनि चित्र हेरेर सो चित्रको बारेमा वर्णन गरेर भाषाको बोलाइ सिपको विकास गर्न सक्दछन् । माथिल्लो तह वा माध्यमिक तह भन्दा तल्लो वा प्राथमिक तथा निम्न माध्यमिक तहका लागि चित्र बढी उपयोगी हुन्छ । चित्र हेरेर विद्यार्थीहरु रमाउने हुनाले पनि पाठयपुस्तकमा चित्रको स्थान तरकारीमा नुन सावित भएको छ । यसरी पाठ्यपुस्तकमा चित्र राखेर सिकाउँदा शिक्षण सिकाइ रोचक एवम् प्रभावकारी हुन्छ ।

# अध्याय तिन

# अध्ययन विधि र प्रक्रिया

शोध अध्ययन र प्रक्रियाका सन्दर्भमा सामग्री सङ्कलन, विधि र अध्ययन तथा विश्लेषणको सैद्धान्तिक आधार तपसिल बमोजिम रहेको छ :

## ३.१ अध्ययनको ढाँचा

प्रस्तुत शोधकार्य मुख्यतः कक्षा दशको नेपाली पाठ्यपुस्तकमा रहेका पाठहरुको चित्रको विश्लेषणात्मक अध्ययनमा केन्द्रित भएको हुनाले यसमा चरित्रको विश्लेषण गर्दा वर्णनात्मक, विश्लेषणात्मक पद्दतिको उपयोग गरिएको छ ।

## ३.२ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा पुस्तकालयीय अध्ययन प्रक्रियामा आधारित रहँदै सम्बन्धित विषयका पुस्तक तथा पत्रपत्रिकाको अध्ययन गरी सामग्री सङ्कलन गरिएको छ । यसका अतिरिक्त शोध निर्देशक, शोधकर्ता, विभिन्न विद्वान्, प्राध्यापक, विषय विशेषज्ञबाट पनि जानकारी लिइएको छ ।

## ३.३ व्याख्या तथा विश्लेषण विधि

प्रस्तुत अध्ययनमा शोधका विभिन्न पद्धतिहरुलाई अँगाल्न सकिने स्थिति रहेको भए पनि अध्येताका कतिपय बाधा व्यवधानका कारण यसमा वर्णात्मक ढाँचाको शोध विधिलाई नै अँगालिएको छ । यस क्रममा शोधकार्यमा कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट चित्रहरु सामग्रीका रुपमा सङ्कलन र अध्ययन गरी आवश्यकताअनुसार आगमनात्मक र निगमनात्मक दुवै पद्धतिको अनुसरण गर्दै वर्णनात्मक र विश्लेषणात्मक विधिलाई अपनाउँदै शोध कार्यलाई पूर्णता दिइएको छ ।

प्रस्तुत शोधको अध्ययन विश्लेषणमा आवश्यकता अनुसार मानकीकरणका लागि भने चित्रसम्बन्धी विविध पक्ष झल्किने गरी निर्धारण गरिएका आधारहरु समेतका आधारमा र विज्ञ तथा शोध निर्देशकबाट प्राप्त परामर्शको उपयोग पनि गरिएको छ ।

# अध्याय चार

# व्याख्या तथा विश्लेषण

## ४.१ विषयप्रवेश

आजभोलि साहित्यका विविध विधामा चित्रको प्रयोग बाक्लै पाइन्छ । त्यस्ता चित्रहरुले भावलाई प्रभावकारी बनाउने काम गरेका हुन्छन् । कक्षा दशको नेपाली पाठ्यपुस्तकमा पनि यस्तै चित्रहरुको प्रयोग पाइन्छ । यस अध्यायमा पाठानुसार एकदेखि पाँचसम्मका चित्रहरु राखिएका छन् । चित्रहरु पाठको भार अनुसार सन्तुलित नदेखिए पनि तिनले पाठगत अभिप्रायलाई भने प्रष्ट्याएका छन् । अध्ययनका क्रममा प्रत्येक पाठको अध्यायगत परिचय र व्याख्या तथा विश्लेषण गर्ने काम भएको छ ।

## ४.२ पाठहरुमा प्रयुक्त चित्रहरुको बाह्यान्तरिक पक्षका आधारमा चित्रहरूको व्याख्या तथा विश्लेषण

कक्षा दशको नेपाली पाठ्यपुस्तकका १६ ओटा पाठहरुमा जम्मा ४५ ओटा चित्रहरुको प्रयोग गरिएको छ । चित्रहरु एकदेखि पाँच ओटासम्म रहेका छन् । पाठगत आधारमा चित्रहरु सन्तुलित छैनन् । पाठमा प्रयुक्त चित्रहरुलाई एकीकृत रुपमा अध्ययन गरिएको छ ।

### ४.२.१ बाह्यपक्षका आधारमा चित्रहरूको विश्लेषण

पाठ्यपुस्तकमा प्रयुक्त चित्रहरुको बाह्यपक्षअन्तर्गत चित्रको बनोट, दुरुस्तता र वास्तविकता, सङ्ख्यामा पर्याप्तता, आकार, छपाइ, रखाइ, आकर्षण जस्ता कुराहरु पर्दछन् । यस आधारमा कक्षा दशको नेपाली पाठ्य पुस्तकका चित्रहरु यस्ता रहेका छन् :

#### बनोट

बनोटका आधारमा प्रश्नोत्तर, वैशाख कविता र इमानसिंह चेम्जोङ जीवनी पाठका चित्रहरु बाहेक अन्य पाठका चित्रहरु स्पष्ट नै देखिन्छन् । बनोटका दृष्टिले कविता र व्यापारिक चिठी तथा जीवनी पाठका केही चित्रहरु कमजोर र अन्य चित्रहरु सन्तोषजनक रहेका छन् ।

चित्रहरुमा सबै पक्ष समेटिएका हुँदैनन् र सम्भव पनि छैन । यसरी हेर्दा कतिपय चित्रहरु अर्मूत नै हुन्छन् । जसरी मन अर्मूत छ, त्यसरी नै सबै कविताका चित्रहरु विशेषतः अमूर्त रहेका छन् । त्यही अमूर्त भावलाई चित्रले सङ्केत गरेको हुन्छ तथापि यस पुस्तकका कविताका चित्रहरु यसमा केही कमजोर नै देखिएका छन् ।

**दुरुस्तता र वास्तविकता**

पाठ्यपुस्तकमा उपयोगमा ल्याइने चित्रहरुलाई दुरुस्तै तथा वास्तविक रुपमा प्रयोग गर्नु उचित हुन्छ । उमेर, पेसा, लिङ्ग आदि आधारमा उक्त चित्रहरु वास्तविक हुनु जरुरी छ । यस आधारमा प्रश्नोत्तर कवितामा रहेको चित्र बनोटका दृष्टिले अर्थात् रङगका दृष्टिले अस्पष्ट भए पनि ऋषि आश्रम, त्यस वरपरको प्राकृतिक वातावरण, महिला पुरुषको उपस्थिति, ऋषि र उपस्थित जनसमुदायको प्रश्नोत्तर दिने काम गरिएको देखिन्छ । यसरी हेर्दा **प्रश्नोत्तर** कविताको शीर्षकलाई चित्रले स्पष्ट पार्न खोजे पनि कविताभित्रका प्रश्नोत्तरको भारलाई प्रयुक्त चित्रहरुले समेट्न सकेको पाइँदैन । यसरी हेर्दा दुरुस्ततालाई भन्दा वास्तविकतालाई मात्र ध्यान दिइएको देखिन्छ ।

**कर्तव्य** कथामा दुई वटा चित्रको प्रयोग गरिएको छ । एउटामा मलामको र अर्कोमा विवाहको रेखा चित्र कोरिएको छ । कथाकारले समाजमा सबै मिलेर बस्नुपर्छ । मानिस विवेकशील प्राणी हुन् । एकले अर्कालाई आवश्यकतानुसार सहयोग गर्नुपर्दछ । मानिस भनेका जिउँदाका जन्ती र मर्दाका मलामी हुन् भन्ने सन्देश दिन खोजेको उद्देश्यनुसार चित्र पनि मिल्दो जुल्दो रहेकाले चित्र दुरुस्त र वास्तविक बन्न पुगेको छ ।

**जयभोलि** निवन्धमा तिन वटा चित्र लहरै कोरिएको छ । झट्ट हेर्दा एउटै देखिन्छ । पहिलो चित्रमा लैङ्गिक असमानता, दोस्रोमा नेपालीहरुले भोलि भोलि भनेर काम साँच्ने बानी र तेस्रोमा कार्यालयका हाकिमले सेवाग्राहीको अनुरोधलाई भोलि भोलि भनेर टार्ने गरेको भाव झल्काउने रेखाचित्र देखाइएको छ ।  यो पनि दुरुस्तता र वास्तविकताका दृष्टिले उपयुक्त नै देखिन्छ । यद्यपि विषयवस्तुका दृष्टिले चित्र सङ्ख्या कम नै मान्नुपर्छ ।

**जयपृथ्वीबहादुर सिंह** जीवनीमा जयपृथ्वीबहादुर सिंहका दुइवटा तस्वीर मात्र राखिएको छ । यी चित्रहरु परिचयका दृष्टिले दुरुस्तताको नजिक देखिए पनि विषयका हिसाबले वास्तविकताका लागि अपुग रहेका छन् ।

**काम खोज्दै जाँदा** शीर्षकको मनोवाद पाठमा जम्मा तिन ओटा रेखाचित्र कोरिएका छन् । पहिलो चित्रमा काम खोज्दै सउदी अरब पुगेको नेपाली युवक आफ्नो कोठामा आफ्नो र विदेश पुगी नारकीय जीवन भोग्न विवश नेपालीहरुको कष्टपूर्ण अवस्था ओछ्यानमा बसेर सोचिरहेको देखाइएको छ । दोस्रो चित्रमा एकातिर अरबका धनी मालिकहरुले नेपालीहरुलाई गर्ने व्यवहारको झझल्को दिने गरी त्यतैका मानिसको एउटा चित्र र सँगै अर्कोमा त्यहाँ पुगेका नेपालीले होटलमा भाँडा माझ्दै गरेको देखाइएको छ भने अर्कोमा नेपालमा घरमा मातापिता दुःख सुखका गाँस टिप्दै गरेको रेखाचित्र कोरिएको छ । यी चित्रहरुले विदेशमा नेपालीहरुले भोग्नुपरेको पीडा र स्वदेशप्रतिको सम्झनालाई दुरुस्त र वास्तविक रुपमा दर्शाएका छन् । तेस्रो चित्रमा विदेश गएर स्वाभिमान मार्दै पैसा कमाउनु भन्दा स्वदेशमै रहेर खेती किसानी गरी स्वाभिमानी जीवन जिउन बेश भन्ने भाव अभिव्यक्त भएको छ भने हलो कोदालो गरी जिवन निर्वाह गर्ने नेपालीको सन्तोषी जीवनलाई पनि चित्रित गरिएको छ ।

**वैशाख** कवितामा सङ्ख्यात्मक हिसाबले तिनवटा रेखाचित्र देखिन्छ । माथि पहाड र रुखमा चरा, दोस्रोमा वन जङ्गल र चौतारो, तेस्रोमा फुलवारी र चउर देखाइएको छ । वैशाख कवितामा कविले वैशाख महिनामा नेपाली प्रकृतिमा आउने वासन्तिक सौन्दर्यको वर्णन गरेअनुसार केही सङ्केत त मिलेको छ तर भावानुसार दुरुस्तता र वास्तविकताको उपस्थिति भने कमजोर देखिन्छ ।

**दोषी चश्मा** कथामा जम्मा तिन ओटा रेखाचित्र कोरिएको छ । पहिलो चित्रमा काठमाडौं शहर, जर्साब चढेको कार र केशवराजले स्वस्ति गरेको देखाइएको छ । दोस्रोमा केशवराज ओछ्यानमा पल्टेर सोचमग्न रहेको तथा उसकी श्रीमतीले केही सोधिरहेका देखाइएको छ । तेस्रोमा जर्साव घोडामा चढेको र केशवराज घोढा अगाडि स्वस्ति गर्दै उभिरहेको देखाइएको छ । कथामा केशवराज आफ्नै चश्माको दोषका कारण मनोरोगी भएको बताइएको त छ तर चित्रले भने राणाकालीन चाकरी प्रवृत्तिको एकाङ्गी पक्षलाई मात्र झल्काएको छ । पूर्ण रुपमा नभए पनि एक पक्षीय दृष्टिकोणले चाकरी बजाउने संस्कारको चित्र दुरुस्त र वास्तविक देखिन्छ ।

**मिथिला चित्रकला** निबन्धमा चार ओटा चित्र कोरिएको छ । पहिलोमा मिथिला संस्कृतिको प्रतिनिधित्व गर्ने छ ओटा शुभ सङ्केत चिन्ह राखिएको छ ।  यसमा स्वस्तिक, ऊँकार, शङ्ख,

पूर्ण कलश, कमलको फूल र दीपशिखा रहेका छन् । दोस्रोमा नारी सहिष्णुता र संस्कृतिको परिचय पाइने अलौकिक चित्र छ भने तेस्रोमा सांस्कारिक दिनचर्यामा समर्पित नारी जीवनको लौकिक चित्र र चौथोमा वर्षभरि मनाइने विभिन्न चाडपर्व, व्रतपूजा आदिमा बनाइने अरिपन चित्र रहेको छ । चित्रहरु दुरुस्तता र वास्तविकताका दृष्टिले मिथिला चित्रकला र संस्कृतिको परिचयात्मक झलक दिनेमा मात्र सीमित छन् । यद्यपि पाठअनुसार पर्याप्त छन् ।

**व्यापारिक चिठी**मा जम्मा चारओटा चित्रहरु रहेका छन् । पहिलो चित्रमा पंक्षीले चिठी लिएर उडेको, दोस्रोमा फ्याक्स र टेलिफोन, तेस्रोमा कम्प्युटर र चौथोमा खामको चित्र कोरिएको छ । माथिका तिन ओटा चित्रले समयसँगै पत्र लेखेर पठाउने सन्देशको क्रमिक विकास र आजको विज्ञान प्रविधिको संस्करणलाई झल्काएका छन् । विषयवस्तुगत गहनता भन्दा परिचयात्मक दृष्टिले चित्र वास्तविकताको निकट रहेको देखिन्छ ।

**इमानसिंह चेम्जोङ** शीर्षकको जीवनी पाठमा जम्मा चार मानवीय र एक पुस्तकको चित्र राखिएको छ । मानवीय चित्रहरुमा सिरिजङ्गा, महागुरु फाल्गुनन्द र इमानसिंह चेमजोङ एवम् उनको चित्र अङ्कित हुलाक टिकट र चौथोमा किरात मुन्धुम अर्थात् किराँत वेदको पुस्तकको मुखपृष्ठको चित्र रहेको छ । चित्रहरु हेर्दा पाठअनुसार परिचयका दृष्टिले दुरुस्तता त देखिन्छ तर वास्तविकता पाइँदैन ।

**भाग्य भन्दा परिश्रम ठूलो** वादविवाद शीर्षकको पाठमा एउटा मात्र चित्र राखिएको छ । उक्त चित्रमा निर्णायक मण्डल, सञ्चालक, प्रतियोगी तथा सहभागीहरुको चित्र रहेको छ । चित्रले भावात्मक पक्ष भन्दा प्राविधिक पक्षलाई मात्र समेटेकोले दुवै पक्ष कमजोर रहेको देखिन्छ ।

**सहिदहरुको सम्झनामा** शीर्षकको पाठमा कविको मात्र चित्र कोरिएको छ । चित्र प्रयोगका दृष्टिले यो सबै पक्षबाट कमजोर देखिन्छ ।

**न्यायको पक्ष** पौराणिक कथामा एउटा रेखाचित्र र अर्को कथाकारको चित्र कोरिएको छ । कथाकार बाहेकको चित्रमा तपोवन, त्यहाँ अवस्थित रुखमनिको चौतारो र धौम्य ऋषिको र विदुरको रेखाचित्र रहेको छ । चित्रले दुरुस्तता र वास्तविकतालाई समाते पनि पर्याप्त भने छैन ।

**यन्त्रमानव** पाठमा चारओटा रेखाचित्रको प्रयोग गरिएको छ । आजको वैज्ञानिक युगमा आएको  विज्ञानको क्रमिक विकासको गति र विज्ञानले ल्याएको सम्भाव्य परिवर्तनले संसारकै मुहार परिवर्तन गरेको र मानवीय परनिर्भरतालाई कम गर्दै लगेको सन्देश निबन्धकारले दिन चाहेको भावलाई टेलिफोन, टि.भि., ट्रेन र रोबोटको चित्रले बहन गरेका छन् । यी चित्रहरुले  पनि अपेक्षित दुरुस्तता र वास्तविकताको औपचारिकता मात्र निर्वाह गरेका छन् । पर्याप्त छैनन् ।

घरको माया एकाङ्कीमा एउटा मात्र रेखा चित्रको प्रयोग गरिएको छ । यसमा भारतीय शहरको रेल्वे स्टेशन, रेल र यात्रुहरुको चित्र कोरिएको छ । भारतीय भूमिको  सङ्केत चित्र त छ तर घरको माया झल्काउने भावात्मक चित्रहरु छैनन् । दुरुस्तता र वास्तविकता दुवै दृष्टिले चित्र प्रयोग कमजोर रहेको छ ।

**नेल्सन मन्डेला** पाठमा एउटा मात्र मन्डेलाको चित्र रहेको छ । यो चित्र प्रयोग सबै दृष्टिले अपर्याप्त रहेको छ ।

## सङ्ख्यामा पर्याप्तता

यस पुस्तकका सबै पाठमा प्रयुक्त सबै चित्रहरु सङ्ख्यात्मक दृष्टिले समान छैनन् । मूलतः कविता र जीवनीमूलक पाठमा चित्रहरु अस्पष्ट र अपर्याप्त देखिन्छन् । कविता सङ्क्षिप्त हुने र यसमा भाव पक्ष अमूर्त रुपमा विद्यमान रहने तथा जीवनीमा अनुकरणीय कार्यहरु पनि लेख्य रुपमै रहने हुँदा यसको सरलीकरणमा चित्रको दुरुस्त र वास्तविक प्रयोगले महत्वपूर्ण भूमिका रहेको हुन्छ । यसरी हेर्दा सङ्ख्यात्मक पक्ष दुर्वल नै रहेको छ ।

## चित्रको आकार

पाठ्यपुस्तकमा प्रयुक्त चित्रहरु कक्षा स्तर अनुसार राखिएको हुनुपर्दछ ।  सामान्यतया साना कक्षाका लागि ठूला र ठूला कक्षाका लागि साना चित्रहरुको रखाइ व्यवस्थापन गरिनु उपयुक्त हुन्छ । चित्रको आकारका दृष्टिले प्रश्नोत्तर कविता, कर्तव्य कथा, जयभोलि निबन्ध सन्तोषजनक छन् भने जीवनी विधामा प्रयुक्त चित्रहरु आकारका दृष्टिले दुर्वल रहेका छन् । यसैगरी काम खोज्दै जाँदा, दोषी चश्मा, मिथिला चित्रकला, भाग्य भन्दा परिश्रम ठूलो जस्ता पाठहरुमा प्रयुक्त चित्रहरु पाठको स्वरुप र संरचनाका आधारमा आकारका दृष्टिले उपयुक्त नै देखिन्छन् । व्यापारिक चिठी पाठका केही चित्र अस्पष्ट देखिँदा आकार खुल्न सकेको छैन ।

## छपाइ प्रविधि

पाठ्यपुस्तकमा प्रयोग गरिने चित्र छपाइका हिसाबले पनि स्तरीय हुनु अनिवार्य हुन्छ । यसका लागि सन्तुलित मसीको प्रयोग गरी छपाइलाई सफा र स्पष्ट पार्नु जरुरी देखिन्छ । चित्रहरु सफा, स्पष्ट र स्तरीय हुँदा भावबोधमा सरलता आउँछ । यस आधारमा हेर्दा कर्तव्य कथा, जयभोलि निबन्ध, काम खोज्दै जाँदा मनोवाद, मिथिला चित्रकला, भाग्य भन्दा परिश्रम ठूलो र दोषी चश्माका चित्रहरु स्पष्ट र सफा देखिन्छन् भने प्रश्नोत्तर र  बैशाख कविता, जीवनी र व्यापारिक चिठीका चित्रहरु सफा र स्पष्ट छैनन् ।

## रखाइ

रखाइका दृष्टिले पनि चित्रहरुको भूमिका महत्वपूर्ण हुन्छ । भाषा पाठ्यपुस्तकमा चित्रहरुको रखाइलाई पनि ध्यान दिनुपर्दछ । विषयवस्तुको गहनता र क्रमिकतालाई ध्यान दिई सन्दर्भ अनुसार चित्रहरु यथास्थानमा रहनु उपयुक्त हुन्छ । प्रश्नोत्तर कवितामा कविले नैतिक, शैक्षिक र चारित्रिक कुरालाई जोड दिई सन्देश दिनका लागि प्रश्न गर्दै उत्तर दिने शैली अवलम्बन गरे पनि चित्रमा ऋषिको आश्रम र ऋषि त प्रष्ट छन् तर जसरी आध्यात्मिक संसारको कुरा उठाइएको सो अनुसार चित्रको रखाइमा सन्तुलन आएको देखिंदैन । २४ औं श्लोकका लागि मात्र चित्रको रखाइ उपयुक्त देखिन्छ । कर्तव्य, जयभोलि, काम खोज्दै जाँदा, मिथिला चित्रकला, भाग्य भन्दा परिश्रम, ठूलो शीर्षकका पाठहरुमा राखिएको चित्र सामान्यतः उपयुक्त नै देखिए ।

## आकर्षण

जुन वस्तुले मानिसको मन तान्छ त्यही बस्तुका बारेमा बढी जान्न खोज्ने तथा बुझ्ने इच्छा हुने भएकाले पाठ्य पुस्तकहरुमा आकर्षक चित्रहरुको विशेष महत्व रहन्छ । यस आधारमा हेर्दा कक्षा दशको नेपाली पाठ्यपूस्तकमा समावेश चित्रहरुमध्ये प्रश्नोत्तर कविताको चित्र त्यति आकर्षक देखिँदैन । कर्तव्य कथा पाठको चित्र भने आकर्षक र प्रभावकारी नै रहेका छन् । मानिसले मर्दा र पर्दा अर्थात् मलाम र जन्ती दुवैमा सहभागी हुनु पर्दछ भन्ने कुरालाई आकर्षक चित्रबाट प्रकाश पार्ने काम गरिएको छ । यसैगरी भोलिवाद, काम खोज्दै जाँदा, दोषी चश्मा, मिथिला चित्रकला, भाग्य भन्दा परिश्रम ठूलो जस्ता पाठहरुमा राखिएका

चित्रहरुले मन लोभ्याउन सक्ने देखिन्छ भने अन्य चित्रहरुमा आकर्षण पक्ष कमजोर रहेको देखिन्छ ।

## ४.२.२ आन्तरिक पक्षका आधारमा चित्रहरुको विश्लेषण

पाठ्यपुस्तकमा चित्रको संयोजन गर्दा विषयवस्तुलाई पनि विशेष ख्याल गर्नुपर्दछ । विषयवस्तु एउटा र चित्र अर्कै तथा विषयवस्तु एकातिर र चित्र अर्को ठाउँमा भएमा चित्रको प्रभावकारिता न्युन हुन्छ । यसरी हेर्दा प्रश्नोत्तर कवितामा राखिएको चित्रले विषयवस्तुको सम्पूर्णतालाई समेट्न सकेको देखिँदैन । कर्तव्य कथामा राखिएका चित्रहरुले भने विषयवस्तुको सारलाई उजागर गरेका छन् । जयपृथ्वीबहादुर सिंहको जीवनी पाठमा सिंहका दुई मात्र चित्र राखिएको छ । यसले सिंहको चित्रात्मक परिचय त दिन्छ तर उनका आन्तरिक व्यक्तित्वका वारेमा प्रकाश पार्न भने नसक्ने देखिन्छ । काम खोज्दै जाँदा शीर्षकको मनोवादमा राखिएका पाठहरुमा प्रयुक्त चित्र विषयवस्तु सुहाउँदा नै छन् । दोषी चश्मा कथाका चित्रहरु पनि विषयवस्तु अनुसार नै राखिएको मान्नुपर्ने हुन्छ । मिथिला चित्रकला पाठमा समावेश चित्रहरु मिथिला संस्कृति बुझ्नेकाहरुलाई बढी प्रभावकारी भए पनि सांस्कृतिक आकर्षणमा भने आकर्षक नै छन् । व्यापारिक चिठी पाठमा प्रयुक्त चित्र सामान्य नै मान्नुपर्ने हुन्छ । इमानसिंह चेमजोङ पाठमा रहेका चित्रहरु विषयवस्तुसँग सम्बन्धित रहे पनि त्यसको गहिराइमा जान चाहनेहरुमा आकर्षण पैदा गराउन नसक्ने देखिन्छन् । भाग्य भन्दा परिश्रम ठूलो शीर्षकको वादविवाद पाठमा समावेश चित्रहरु थोरै भए पनि विषयवस्तुको गहनतालाई स्पष्ट पार्न सफल रहेको मान्नुपर्छ । सहिदको सम्झनामा कवितामा कविको मात्र तस्वीर राखिएको छ ।  न्यायको पक्ष पाठमा एउटा कथाकारको र अर्को वनको चौतारो अनि धौम्य र विदुरको चित्र रहेको छ । विदुर र धौम्य ऋषिको तस्वीरले विषयवस्तुको गहनतालाई चिनाउने काम गरेका छन् । यन्त्रमानव पाठमा रहेका टेलिफोन, टि.भि. रेल तथा रोबोटको चित्रले विषयवस्तुको परिचय दिन सफल रहेको मान्न सकिन्छ । नयाँहरुका लागि चित्रहरु आकर्षणयुक्त नै छन् भने घरको माया एकाङ्कीको चित्र विषयवस्तुअनुसार त्यति गहन देखिँदैन । नेल्सन मन्डेलाको तस्वीर परिचयात्मक रुपमै सीमित रहेको छ ।

### अमूर्तता

देखिने कुरालाई मात्र होइन अदृश्य वा अमूर्त विचार तथा भावलाई बुझाउने गरी पाठ्यपुस्तकमा चित्रहरुको संयोजन गर्नुपर्दछ । अमूर्त विचारलाई भावका माध्यमबाट मूर्तता प्रदान गर्न चित्रले सहयोग गर्दछ । यस आधारमा कविताका पाठहरु, जीवनी, घरको माया एकाङ्कीका चित्रहरुमा अमूर्तताको विशेषता पाइन्छ । तर, तिनले विषयवस्तुको गहिराइलाई छुन भने सकेका छैनन् ।

### स्वसिकाइ र सिर्जनात्मकता

स्वसिकाइ र सिर्जनात्मकताका दृष्टिले कक्षा दशको नेपाली पाठ्यपुस्तकका पाठहरुमा समावेश चित्रहरुमध्ये प्रश्नोत्तर र वैशाख कविता, जीवनी एवम् घरको माया एकाङ्कीका चित्रहरु प्रभावकारी छन् भने वादविवाद, व्यापारिक चिठी र प्रवन्ध विधाका पाठहरुको चित्रले सिर्जनात्मकतालाई जोड दिएको पाइन्छ ।

### बौद्धिक क्षमता आभिवृद्धि

पाठमा राखिएका चित्रहरु विद्यार्थीको बोद्धिक क्षमतानुकूल संयोजन गरिनुपर्छ । यस हिसावले हेर्ने हो भने भाग्य भन्दा परिश्रम ठूलो शीर्षकको वादविवाद, न्यायको पक्ष पौराणिक कहानी, काम खोज्दै जाँदा शीर्षकका पाठमा समावेश चित्रहरु विशेष प्रभावकारी देखिन्छन् भने अन्य पाठका चित्रहरु सामान्य रहेका छन् ।

## ४.२.३ पाठगत आधारमा विश्लेषण

## ४.३.१ 'प्रश्नोत्तर' कविता

प्रश्नोत्तर कविता भानुभक्त आचार्यद्वारा लेखिएको कविता हो । समाजलाई नैतिक र चारित्रिक आदर्शले उच्चतातिर उन्मुख गराउने उद्देश्यले लेखिएका यिनका रचनाहरु भाषिक बोधगम्यताका दृष्टिले पनि लालित्यमय नै छन् । रामायणको भावानुवादद्वारा भाषिक एकीकरण गरी नेपाली भाषालाई साहित्यिक प्राण प्रतिष्ठा दिलाउने कवि आचार्यका कविता आफैमा उत्कृष्ट छन् ।

कवित्व शक्तिमा मौलिक प्रतिभाको पाइन चढाउँदा अध्यात्म दर्शनलाई सरल रुपमा सामान्य पाठकसमक्ष पस्कन सफल आदिकवि भानुभक्त आचार्यको प्रस्तुत कवितामा मानव जीवनमा उपयोगी, लाभदायी तथा व्यावहार उपयोगी चरित्रको निर्माणमा प्रश्नोत्तरका माध्यमले दिइएको सन्देशलाई चित्रका माध्यमले पनि भावगत प्रवलता दिलाउने काम गरिएको छ ।

कविको तस्वीरका अतिरिक्त गुरुकुल परम्पराको शिक्षामा अमर आर्य संस्कृतिको उच्च आदर्श तथा नीतिवान, चरित्रवान बन्न आवश्यक पर्ने गुणहरुको प्राप्तिमा सबै सचेत रहनु पर्ने आवश्यकतालाई ऋषिमुनिहरुको अवस्थिति तथा लोक मानसको उपस्थिति चित्रमा प्रस्तुत गरेर ठूलाबडाको अर्ति कालजयी शिक्षा हुने कुरालाई चित्रले दर्शाएको छ ।

चित्रमा ज्ञानी पुरुषले लौकिक संसारका मानवलाई जीवनका मोह, माया, धनी, दरिद्र, परिश्रमी, विद्यावान, परोपकारी कुराहरुलाई सूक्तिमय दृष्टान्तद्वारा प्रस्तुत गरिएको अवस्थालाई प्रस्ट्याउने काम गरिएको छ ।

## पाठ : दुई ( कर्तव्य कथा )

पाठ दुईमा गुरुप्रसाद मैनालीको कर्तव्य कथा राखिएको छ । आदर्श र यथार्थको प्रस्तुति रहने मैनालीका कथामा नेपाली संस्कृति र मौलिक जीवनका सजीव चित्रहरु पाइन्छ । मानिस मर्दाका मलामी र जिउँदाका जन्ती हुन् भन्ने नेपाली संस्कृतिको आदर्शतम् र व्यावहारिक दायित्वलाई कर्तव्यद्वारा यथार्थबोध गराउँदै असत् पात्रलाई पश्चातापको भूमरीमा पुऱ्याउनु मैनालीका कथागत विशेषता मानिएको छ ।

यस कथामा कर्तव्यको पाठ सिकाउन मानवीय जीवनलाई सुख र दुःखको अनुभूति प्रस्तुत गरी ज्वलन्त उदाहरुण प्रस्तुत गरेका छन् । मानिस मर्दाका मलामी हुन् भन्ने आहानलाई मर्दा एकजना पनि मलामी भएन भने त्यस्ता मानिसको मृत्यु पशु सरह हुने हुनाले मानवले मानवीय कर्तव्यको पालना गरेर मलामी पनि बनाउनु पर्छ भन्ने यथार्थलाई गङ्गाधरको पुण्यबाट बोध गराएका छन् भने सारा कटुता त्यागेर आफ्नो कर्तव्यको निर्वाहमा पनि पछि हट्नु हुँदैन भन्ने कुरालाई जिउँदाका जन्त पनि मानिस नै हुन्छन् । विवाहमा लस्कर लागेर मात्र जन्ती हुइँदैन । जन्ती हुनाको कर्तव्य र त्यसको पनि आफ्नै विशेषता छ अनि आफन्त त झनै महत्वपूर्ण हुन्छन् भन्ने कुरालाई जेठा मुरलीधरले देखाएको सहनशील

कर्तव्यनिष्ठतालाई चित्रका माध्यमबाट अझ भावपूर्ण बनाउन मलाम र विवाहको चित्राङ्कनले पठनबोधलाई सुगम बनाएको छ ।

## पाठ : तिन ( जयभोलि निबन्ध )

यस पाठमा भैरव अर्यालको हास्यव्यङ्ग्यात्मक निबन्ध जयभोलि राखिएको छ । व्यङ्ग्यात्मकतालाई चित्रद्वारा प्रस्ट्याउन एउटा चित्र राखिएको छ । उक्त चित्रमा कर्मचारीको भोलिवाद, गृहस्थले गर्नै पर्ने दैनिकी अर्थात् घरभित्र र बाहिर सबैतिर नेपालीमा भोलि भन्ने शब्द अर्थात् काम थाती राख्ने प्रवृत्तिले जरो गाडेर बसेको चित्र कोरिएको छ । चित्रलाई सजीव बनाउन परिवेशगत विश्वासको व्यावहारिक दैनिकीलाई देखाइएको छ ।

भोलिवादले मानवका अतिरिक्त सारा समाजलाई पिरोलेको छ । हुँदा हुँदा आची पनि भोलि गरुँला भन्ने मानवीय दुर्वल चरित्रलाई चित्रद्वारा प्रस्ट पार्ने प्रयास गरिएको छ । यस चित्रले मानवीय कमजोरीको यथार्थ चरित्रलाई पुष्टि गर्दछ । चित्रमा कार्यालयका प्रमुख सेवाग्राहीको अनुरोधलाई नसुनेर बसेको, सूचीकार निदाएर बसेको तथा गृहस्थको भान्साको आवश्यकतालाई लोग्ने मानिसले बेवास्ता गरिरहेको देखाएर चित्रद्वारा स्पस्ट पार्ने काम गरिएको छ ।

मानवीय कार्यकलापहरुको सूक्ष्म विश्लेषण गर्दा अनुकरणमूलक कार्यहरुलाई कि त चित्रद्वारा कि त अभिनयद्वारा देखाइनु प्रभावकारी मानिने हुनाले यस पाठमा उपयुक्त चित्राङ्कन गरी पठनबोधलाई सरल बनाउने काम गरिएको छ ।

## पाठ : चार ( जयपृथ्वीबहादुर सिंह, जीवनी )

यस पाठमा जयपृथ्वीबहादुर सिंहको जीवनी प्रस्तुत गरिएको छ । राष्ट्रिय रुपमा मात्र नभएर अन्तर्राष्ट्रिय रुपमा समेत परिचित सिंहको व्यक्तित्वबाट प्रेरित र प्रभावित हुन उनको युवावस्था, सम्पन्नता ता आकर्षक चित्र र उनको देहावसान पछिको प्रतिमाङ्किकत चित्र प्रस्तुत गरिएको छ ।

पहिलो चित्रले सिंहको ओजस्वीतालाई झल्काएको छ भने दोस्रो चित्रले सार्वजनिक व्यक्तित्व पूजनीय हुने कुरालई दर्शाएको देखिन्छ । विद्यालय तहका विद्यार्थीहरुलाई देश र जनताको सेवामा समर्पित हुन र अनुकरणीय व्यक्तित्वहरुको जीवनीबाट प्रेरित रहन प्रेरणा दिने दुवै

चित्रले अग्रजहरुको सम्मान गर्दै उनीहरुको त्याग र बलिदानको योगदानलाई बिर्सन नहुने पाठ सिकाउन चित्र उपयुक्त छ । तर थप चित्रको आवश्यकता देखिन्छ ।

## पाठ : पाँच (काम खोज्दै जाँदा, मनोवाद )

यस पाठमा एक अतिरिक्त चित्र पनि राखिएको देखिन्छ । उक्त चित्र सिद्धिचरण श्रेष्ठको रहेको छ । यसले पाठ्यपुस्तकको स्तरलाई माथि उठाएको छ ।

पाठ पाँचको पाठगत चित्र अर्कै रहेको छ । यो पाठ मूलतः मनोवादसँग सन्दर्भित रहेको छ । मानवीय अन्तर्मनका भावहरुको मनोगत अभिव्यक्तिको शैली हो यो ।

काम खोज्दै जाँदाको शीर्षकको मनोवादले विदेश गएर पैसा कमाउने नेपालीहरु विदेश पुगिसकेपछि त्यहाँको वास्तविकता बुझेर पीडाबोध गर्दाको अनुभूतिहरुलाई चित्रद्वारा अझ गहन बनाउने प्रयासस्वरुप यस पाठमा तिनओटा चित्रहरु राखिएको छ । पहिलो चित्रमा खाटमा धन कमाउने सपना बोकेर सउदी अरब पुगेको सन्तमानलाई काम पाउन नसकिरहेको अवस्थामा चिन्तामा परी मनमा अनेकौँ कुरा सोची पल्टिरहेको देखाइएको छ । मनोवादको विधागत विशेषतानुरुप पात्रको अवस्थितिलाई सजीवता प्रदान गर्न कोठाको स्थिति र पात्रको एक्लोपन तथा गम्भीर वातावरणको भावलाई चित्रले बहन गरेको छ ।

दोस्रो चित्रमा सउदी अरबका धनीहरुले नेपाली युवालई सम्मानजनक काम नलगाई भाँडा माझ्ने अपमानपूर्ण काम दिई शोषण गरिरहेको अवस्थालाई देखाइएको छ एकातिर भने अर्कातिर घरको श्री सम्पत्ती र आमा बुबाको भविष्य अन्धकार बनाउँदै खाने जमीन पनि बेचेर वा बुबा आमाले आफ्नो गाँस काटेर सन्तानलाई विदेश पठाएको तर काम नपाएर रित्तो हात फर्कँदा सबै सम्पत्ति नासिएको असफल जीवनलाई पनि सङ्केत गरेको छ ।

तेस्रो चित्रमा विदेशमा गएर अर्काको नोकर भएर व्यर्थको पसिना बगाउनु भन्दा आफ्नै देशमा हलो कोदालो गरी स्वाभिमानी जीवन जिउनु राम्रो हो भन्ने आशयलाई देखाइएको छ ।

## पाठ : ६ (बैशाख, कविता )

पाठ छ मा माधवप्रसाद घिमिरेको वैशाख कविता राखिएको छ । नेपाली प्रकृति र सांस्कृतिक जीवनको गौरवमय महिमा तथा सुन्दर चित्रण गरिएको कविताका पङ्क्ति भावलाई चित्रद्वारा अझ भावपूर्ण बनाउन चित्रको प्रयोग गरिएको भान हुन्छ । यद्यपि कविताका भावानुरुप चित्रले पूर्णता दिन सकेको देखिँदैन । चित्रमा हिमाल, पहाड, समथर भावमा रहेका प्रकृति र मानवीय तथा अन्य पशुपन्छीको आकार प्रस्तुत गरिएको छ । चौतारो, चौतारोमा मानिस बसेको छ । गाईवस्तु चरेको चित्र, फुलहरु फुलेको, चराहरु डालीमा बसेको चित्राङ्कन गरिएको छ । श्यामश्वेत रङमा प्रस्तुत चित्रले प्रकृतिको चित्रणलाई रेखाङ्कन वा सूचाङ्कन गर्न मात्र सकेको छ ।  जसरी कवि भावनाको लयात्मक भाव छताछुल्ल भएको छ, त्यसरी नै चित्र पनि नेपाली मन र प्रकृतिको सजीवता प्रस्तुत गर्न सफल हुनुपर्ने हो । त्यो हुन नसके पनि जे-जति छ त्यो प्रशस्त नै छ ।

## पाठ : सात (दोषी चस्मा, कथा )

यस पाठ सातमा  विश्वेश्वर प्रसारद कोइरालाको दोषी चस्मा कथा राखिएको छ । पात्रको अन्तर्मनमा उठेका असामान्य चिन्ता र आशङ्कालाई प्रस्तुत गरी पात्रको यथार्थिक कमजोरी पात्रले बुझ्न नसक्दा वा चश्माको दृश्य शक्ति कम हुँदा चाकरी पुग्न नसकेको वा गर्न नभ्याएको केशवराजको मनोदशालाई यस पाठमा विभिन्न चित्रद्वारा अझ प्रस्ट्याउने प्रयास गरिएको छ ।

पहिलो चित्रमा काठमाडौँ शहरका  घरहरु, जर्साबको गाडी र केशवराजको स्वस्तिलाई कोरिएको छ । यसले मानिस त मानिस भए नै, त्यसमाथि उसका निर्जीवस्तुलाई पनि मालिक सम्झेर चाकरी गर्नुपर्ने राणाकालीन निरंकुशताको अवस्थालई चित्रले सङ्केत गरेको छ ।

दोस्रो चित्रमा केशवराजको अनावश्यक चिन्ता  र आशङ्काले श्रीमतीलाई पनि पिरोलेको तथा केशवराज चिन्ताले रातभर सुत्न नसकेको अवस्थालई सङ्केत गरेको छ ।

त्यसैगरी तेस्रो चित्रमा जर्साब घोडामा चढिरहेको र केशव जर्साबको घोडा अघि स्वस्ति गरेर चाकरीमा लागेको देखाइएको छ । यस पाठमा प्रयुक्त चित्रहरु भने पाठ अनुरुप सजीव नै छन् ।

## पाठ : आठ ( मिथिला चित्रकला)

प्रस्तुत पाठमा मिथिलाको चित्रकला र त्यस कलामा अन्तर्निहित मिथिला संस्कृतिको सजीवतालाई उतार्ने प्रयास गरिएको छ । मैथिल नारीहरुले मिथिलाको मौलिक चित्रलाई जीवन सापेक्ष सजीवताका साथ अमर चित्रकारीद्वारा राष्ट्रिय संस्कृतिको मूलधारमा समाहित गराउने प्रयासस्वरुप यो प्रवन्ध राखिएको र चित्र पनि सोहीअनुसार कोरिएको देखिन्छ । यस पाठमा चारओटा चित्र राखिएको छ । पहिलो चित्रमा गोलाकार वृत्तभित्र स्वस्तिक, ऊँकार, दीपशिखा, कमलको फूल, पूर्ण कलश, शङ्ख, सबैको चित्र कोरिएको छ । यी सबै चित्र मिथिला चित्रकलाका शुभ संस्कृतिका धार्मिक जीवन मात्र नभएर सिङ्गो हिन्दू आर्य संस्कृतिका प्रतीक पनि हुन् । छ ओटा सांस्कृतिक प्रतीकहरुले शुभकामाना, शान्ति, दीर्घायु, कीर्ति, शुभमुर्हुत र ज्ञानको सन्देश व्यक्त गरेका छन् ।

दोस्रो र तेस्रो चित्रमा लौकिक र परलौकिक लोक चित्रलाई प्रस्तुत गरिएको छ । यो चित्र निकै गहन र दार्शनिक कलाको उत्कृष्ट नमुना मानिन्छ । यसलाई शुभ चित्रका रुपमा लिइन्छ ।

यसरी सबै चित्रले मैथिल मात्र नभएर सिङ्गो हिन्दू आर्य संस्कृतिको मूलाधारलाई पृष्ठभूमि बनाउँदै त्यसको गरिमा बढाएको छ ।

## पाठ : नौ ( व्यापारिक चिठी )

यस पाठमा व्यापारिक चिठी राखिएको छ । चिठी मानवीय जीवनको अभिन्न अङ्ग बन्न पुगेको छ । परम्परागत हुलाकी प्रथाले मुक्ति पाएको छ, आज । विज्ञानले सिङ्गो विश्व नै गतिमान बन्न पुगेको छ । इलोक्ट्रोनिक्स साधनको विकासले चिठी पनि प्रकृति र समयानुसार आधुनिकीकरण बन्न पुगेको छ ।

आज विश्वबजार विश्वव्यापारीकरणबाट पूर्ण प्रभावित छ । समयको अभावमा समयको सही सदुपयोग र द्रुतताका लागि फ्याक्स तथा कम्प्युटरको माध्यमबाट मिनटमा नै विचार वा आवश्यकताको आदान प्रदान हुन सकेको छ ।

चित्रमा प्रारम्भिक पशुपंक्षी र वैज्ञानिक युगका उपलब्धि फ्याक्स र कम्प्युटर दुवैको चित्र राखिएको छ । यसले स्वतः नै चिठी र यसको आश्यकतालाई औंल्याएको छ । चित्रमा

चिठीको खाम पनि प्रस्तुत गरिएको छ । यसले चिठीमा आवश्यक सामग्रीको आवश्यकतालाई औँल्याएको छ ।

## पाठ : दश (इमानसिंह चेमजोङ, जीवनी )

यस पाठमा इमानसिंह चेमजोङ र सिरिजिङ फाल्गुनन्दको अनि किराँत वेदको चित्र राखिएको छ । इतिहासको गर्भमा रहस्य बनेर रहेको सत्य, तथ्य र किराँतहरुको भाषा, लिपि र सङ्केतको विशेषतालाई अमरत्व प्रदान गर्ने चेमजोङको योगदानलाई चित्रका माध्यमबाट प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

प्रस्तुत चित्रहरुले ऐतिहासिक व्यक्तित्वको अवधारणा र तिनका योगदानको पृष्ठभूमिलाई उजागर गर्ने काम गरेका छन् । नेपालको संस्कृति विविधताले भरिएको छ । विविधताभित्र नै एकताको मूल छ । सोही एकताको भावनालई रसमयी र राष्ट्रिय संस्कृतिको प्रतीक बनाउन यस जीवनीमा राखिएका चित्रहरुले सहयोग गरेका छन् । यद्दपि राखिएका चित्रहरु अपेक्षित रुपमा पूर्ण हुन सकेका छैनन् ।

## पाठ : एघार ( भाग्यभन्दा परिश्रम ठूलो, वादविवाद )

यस पाठमा वादविवाद शीर्षकको पाठ्यवस्तु राखिएको छ । यस पाठले विद्यार्थीमा तार्किक शक्तिको विकास गराउने उद्देश्य वहन गरेको छ । अरु समक्ष आफ्ना गहकिला तर्कहरु राख्न सजिलो होस् र विचारकहरुमा रहने सङ्कोचको भावना हटेर जाओस् भन्ने उद्देश्यलाई पनि प्रस्तुत चित्रले समेटेको पाइन्छ ।

एउटा मात्र चित्रको प्रस्तुति पाइए पनि चित्रमा वादविवाद प्रतियोगिताको चित्र राखेर वादविवाद प्रतियोगिताको व्यवस्थापन र सङ्गठन कसरी गर्नुपर्छ भन्ने कुरालाई चित्रमा देखाइएको छ । चित्रमा गुरुवर्ग, सञ्चालक, प्रतियोगी तथा सहभागी सबैको आकृति र स्वरुप एवम् स्थानलाई देखाइएको छ । यस चित्रले कार्यक्रमको तर्जुमा कसरी गर्ने भन्ने आवश्यकतालाई पनि केही हदसम्म सहयोग गर्ने देखिन्छ ।

## पाठ : बाह्र ( सहिदहरुको सम्झनामा, कविता )

यस पाठमा कवि भूपि शेरचनको युवावस्थाको चित्र बाहेक कवितामा अभिव्यक्त भाव प्रतिविम्बित हुने अन्य कुनै पनि चित्र राखिएको छैन ।

वास्तवमा कविता आफैमा सरल र सटिक भएकोले पनि होला चित्रको आवश्यकत महसुस नगरिएको । कविताले क्रान्ति, शहीद र उनीहरुको विशेषतालाई विशाल भावमा प्रस्तुत गरेको त्यो भावलाई चित्रमा उतार्न नसक्ने हुनाले पनि यो चित्र नराख्नु एक क्षणलाई चित्त बुझाउन त सकिएला तर चित्रले भावलाई विशिष्ट पनि बनाउने हुनाले यसको आवश्यकता भने खट्किरहने देखिन्छ ।

## पाठ : तेऱ्ह ( **न्यायको पक्ष, कथा** )

प्रस्तुत पाठ पौराणिक कहानीबाट लिइएको हो । बदरीनाथ भट्टराईको प्रस्तुत कथाले महाभारतकालीन पाण्डव र कौरवबिचको प्रसङ्गलाई विषयवस्तु बनाएको देखिन्छ । कथाले कौरवले पाण्डवप्रति अन्याय गरेबाट असन्तुष्ट विदुर  उक्त अन्याय सहन नसकी कौरवको दरवार छाडेर वनवासी पाण्डवकहाँ गएको प्रसङ्ग कथामा वर्णित रहेको देखिन्छ ।

पाठमा एउटा मात्र चित्र दिइएको छ । चित्रमा धौम्य ऋषि र विदुर वनको एउटा चौतारामा बसेर गम्भीर वार्तालाप  गरेको देखाइएको छ । चित्रले पनि गम्भीर परिस्थितिको चित्रण गरेको छ । गम्भीर विषयवस्तुलाई गम्भीर रुपमा नै लिनुपर्ने वातावरणको विम्ब उतार्न चित्र सफल छ, अपितु एक मात्र चित्रले सम्पूर्ण कुरालाई समेट्न सकेको छैन ।

## पाठ : चौदह (**यन्त्रमानव, प्रवन्ध** )

प्रस्तुत पाठ प्रवन्ध हो । यसलाई वस्तुपरक निबन्धका रुपमा लिन सकिन्छ । यसमा यन्त्रमानवका चित्रहरु राखिएका छन् । जसमा जम्मा पाँच ओटा चित्र छन् । यन्त्रमानव भन्नाले मानवद्वारा निर्मित यन्त्र भन्ने बुझिन्छ ।

पाठको पहिलो चित्रमा टेलिफोन, टेलिभिजन, ट्रेन आदिको आकृति कोरिएको छ । टेलिफोनले सञ्चारको काम तुरुन्त सम्भव भएको छ । टेलिभिजनले विश्वचित्र प्रस्तुत गरिरहेको हुन्छ । ट्रेनले बयलगाडाको यात्रालाई मुक्त गरी सुगम बनाएको छ । केही मात्रामा भएपनि यसले समयको बचत र सुरक्षित यात्रालाई पुरा गरेको छ । दोस्रो, तेस्रो, चौथो र पाँचौं चित्र पनि यन्त्रमानवकै छ । यिनलाई रोबोट पनि भनिन्छ । मानवजस्तै काम गर्ने भए पनि यिनमा आत्मा भने हुँदैन । तर यिनले हजारौं मानिसको काम गरी मानव शोषणको अन्त्य गर्न सहयोग गरेको छ । पाठमा युगानुसार परिष्कृत र परिमार्जित यन्त्रमानवको चित्र प्रस्तुत गरी त्यसको वस्तुगत उपस्थितिको असम्भवतालाई चित्रका माध्यमबाट पूरा गरेको छ ।

यन्त्रमानव प्रस्तुत गरेर विज्ञानले आफ्नो क्रमिक विकासलाई सङ्केत त गरेको छ तर यसको व्यापक प्रयोग र क्षेत्रलाई हेर्दा चित्र नपुग देखिन्छ ।

### पाठ : पन्द्र ( घरको माया, एकाङ्की )

प्रस्तुत पाठमा घरको माया एकाङ्की राखिएको छ । यसका लेखक भीमनिधि तिवारी हुन् । यसमा **जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी** अर्थात् जन्म दिने आमा र जन्मभूमि स्वर्ग भन्दा पनि ठूला हुन्छन् भन्ने रामचन्द्रको सारगर्भित अमृत वचनलाई दृष्टान्तको रुपमा प्रस्तुत गरी घरको माया एकाङ्कीद्वारा सामान्यीकरण गर्ने प्रयत्न गरिएको छ ।

पाठमा विदेशी भूमिमा नेपालीहरुको भेला गराएर स्वदेशप्रतिको मायालाई देखाइएको छ । पहिलो चित्रमा भारतको प्लेटफार्म र त्यहाँ कुल्ली काम गर्ने नेपाली युवाहरुको चित्र छ भने दोस्रो चित्रमा विदेशभन्दा स्वदेश नै प्रिय हुन्छ भन्ने निष्कर्षमा पुगेका नेपालीहरु घर फर्किएको दृश्य राखिएको छ । यी चित्रहरुको दृश्यले भावनात्मक रुपमा एकताको सम्बन्धलाई बलियो बनाएको छ ।

### पाठ : सोन्ह ( नेल्सन मण्डेला, जीवनी )

यस पाठमा नेल्सन मण्डेलाको जीवनी राखिएको  छ । जीवनीले देश र जनताको मुक्तिका लागि कठोर सङ्घर्ष गर्ने मण्डेलाको लामो जेल जीवन, राजनीतिक यात्राको वर्णन गर्दा ती परिवेश झल्कने चित्र राख्नु आवश्यक दर्शिए पनि उनका विभिन्न अवस्थामध्ये दुई चित्र मात्र राखिएको छ । तर दुवैमा मण्डेलाको हँसिलो र आकर्षक चित्र छ । चित्रले मन्डेलाको सफल र अर्थपूर्ण जीवनको गम्भीर विम्ब उतारेको छ । राष्ट्रिय स्वाधीनता र स्वतन्त्रताका लागि सङ्घर्षरत मन्डेलाका अनुहारमा विषाद र थकान नदेखिनाले चित्र मन्डेलाको सफल जीवनको प्रतीक प्रतिविम्बित गर्न सफल रहेको छ भन्ने सन्देश पनि दिइरहेको छ ।

## ४.३ सारांश

विद्यालय, महाविद्यालय, विश्वविद्यालयहरुमा राखिने पाठ्यपुस्तकमा चित्रित पाठगत चित्रको प्रयोग आधुनिक लेखनको उपज हो । त्यसो त चित्र प्राय अमूर्त हुन्छ । त्यसलाई गहिरिएर मानस विम्बमा नउतारे त्यसको भाव मूर्तिन सक्तैन । यद्यपि भावलाई गहन बनाउन र बोध

गम्यतालाई सहज बनाउन आजभोलि विद्यालय तहका पाठ्यपुस्तकमा पनि आवश्यकतानुसार चित्रको प्रयोग गरिएको पाइन्छ ।

विद्यालय तहका पाठ्यपुस्तकहरु विद्यार्थीका रुचिअनुसार राखिएका हुन्छन् । भावलाई तिख्खर बनाउन र चित्रमार्फत् पठनलाई सुरुचिपूर्ण बनाउन चित्रहरुले प्रभावकारी शिक्षणको भूमिका निर्वाह गर्छन् । यस दृष्टिले हेर्दा चित्रको प्रयोग आजभोलि आवश्यक देखिन्छ । यसै पृष्ठभूमिमा रहेर र चित्रको सान्दर्भिकता तथा आवश्यक विश्लेषण अनि विद्यार्थीको उपस्थितिलाई मध्येनजर गरी यस सन्दर्भमा केही अनुसन्धान भए पनि पठनपाठनका सन्दर्भमा शोध अध्ययन गरिनु आवश्यक देखिन्छ । त्यसरी नै उपाधि प्रयोजनलाई पनि ध्यान दिई सोही पृष्ठभूमिमा यो अध्ययन गरिएको हो ।

प्रस्तुत कक्षा दशको नेपाली पाठ्यपुस्तकमा जम्मा १६ वटा पाठहरु रहेका छन् । पाठका सबै चित्रहरु गणना गर्दा जम्मा ४५ वटा चित्रहरु रहेका छन् । चित्रमा रचनाकार र जीवनीयोग्य व्यक्तित्व र अन्य चित्रहरु पनि रहेका छन् । थोरैमा धेरै भाव व्यक्त गर्न र भावलाई प्रभावकारी सम्प्रेषणको माध्यम बनाउन चित्र प्रभावपूर्ण मानिन्छ । यस पाठ्यपुस्तकमा राखिएका चित्रहरु कतिपय पाठको व्यापकता र आवश्यकतालाई हेर्दा अझै नपुग देखिन्छ ।

# अध्याय पाँच

# सारांश, निष्कर्ष उपयोगिता

## ५.१ सारांश

विद्यालय, महाविद्यालय, विश्वविद्यालयहरुमा राखिने पाठ्यपुस्तकमा चित्रित पाठगत चित्रको प्रयोग आधुनिक लेखनको उपज हो । त्यसो त चित्र प्राय अमूर्त हुन्छ । त्यसलाई गहिरिएर मानस विम्बमा नउतारे त्यसको भाव मूर्तिन सक्तैन । यद्यपि भावलाई गहन बनाउन र बोध गम्यतालाई सहज बनाउन आजभोलि विद्यालय तहका पाठ्यपुस्तकमा पनि आवश्यकतानुसार चित्रको प्रयोग गरिएको पाइन्छ ।

विद्यालय तहका पाठ्यपुस्तकहरु विद्यार्थीका रुचिअनुसार राखिएका हुन्छन् । भावलाई तिख्खर बनाउन र चित्रमार्फत् पठनलाई सुरुचिपूर्ण बनाउन चित्रहरुले प्रभावकारी शिक्षणको भूमिका निर्वाह गर्छन् । यस दृष्टिले हेर्दा चित्रको प्रयोग आजभोलि आवश्यक देखिन्छ । यसै पृष्ठभूमिमा रहेर र चित्रको सान्दर्भिकता तथा आवश्यक विश्लेषण अनि विद्यार्थीको उपस्थितिलाई मध्येनजर गरी यस सन्दर्भमा केही अनुसन्धान भए पनि पठनपाठनका सन्दर्भमा शोध अध्ययन गरिनु  आवश्यक देखिन्छ । त्यसरी नै उपाधि प्रयोजनलाई पनि ध्यान दिई सोही पृष्ठभूमिमा यो अध्ययन गरिएको हो ।

प्रस्तुत कक्षा दशको नेपाली पाठ्यपुस्तकमा जम्मा १६ वटा पाठहरु रहेका छन् । पाठका सबै चित्रहरु गणना गर्दा जम्मा ४५ वटा चित्रहरु रहेका छन् । चित्रमा रचनाकार र जीवनीयोग्य व्यक्तित्व र अन्य चित्रहरु पनि रहेका छन् । थोरैमा धेरै भाव व्यक्त गर्न र भावलाई प्रभावकारी सम्प्रेषणको माध्यम बनाउन चित्र प्रभावपूर्ण मानिन्छ । यस पाठ्यपुस्तकमा राखिएका चित्रहरु कतिपय पाठको व्यापकता र आवश्यकतालाई हेर्दा अझै नपुग देखिन्छ ।

## ५.२ निष्कर्ष

विद्यालय, महाविद्यालय, विश्वविद्यालयहरुमा राखिने पाठ्यपुस्तकमा चित्रित पाठगत चित्रको प्रयोग आधुनिक लेखनको उपज हो । त्यसो त चित्र प्राय अमूर्त हुन्छ । त्यसलाई गहिरिएर मानस विम्बमा नउतारे त्यसको भाव मूर्तिन सक्तैन । यद्यपि भावलाई गहन बनाउन र बोध

गम्यतालाई सहज बनाउन आजभोलि विद्यालय तहका पाठ्यपुस्तकमा पनि आवश्यकतानुसार चित्रको प्रयोग गरिएको पाइन्छ ।

कक्षा दशको नेपाली पाठ्यपुस्त (२०६९, पुनर्मुद्रण ) मा जम्मा १६ ओटा पाठहरु छन् । जसमा कविता तिन, कथा तिन, निबन्ध तिन, जविनी तिन, मनोवाद एक, वादविवाद एक, चिठी एक र एकाङ्की एक रहेका छन् । लेखक र पाठ्यवस्तुको चित्र गरी जम्मा ४५ चित्रहरुको प्रयोग गरिएको छ । चित्रहरु श्यामश्वेत रङ्गमा छन् । चित्रहरु पूर्ण छैनन् तापनि त्यसले कुनै प्रत्यक्ष असर पार्ने देखिन्न ।

विद्यालय, महाविद्यालय, विश्वविद्यालयहरुमा राखिने पाठ्यपुस्तकमा चित्रित पाठगत चित्रको प्रयोग आधुनिक लेखनको उपज हो । त्यसो त चित्र प्राय अमूर्त हुन्छ । त्यसलाई गरिरिएर मानसविम्बमा नउतारे त्यसको भाव मूर्तिन सक्तैन । यद्यपि भावलाई गहन बनाउन र बोध गम्यतालाई सहज बनाउन आजभोलि विद्यालय तहका पाठ्यपुस्तकमा पनि आवश्यकतानुसार चित्रको प्रयोग गरिएको पाइन्छ ।

कक्षा दशको नेपाली पाठ्यपुस्त (२०६९, पुनर्मुद्रण ) मा जम्मा १६ ओटा पाठहरु छन् । जसमा कविता तिन, कथा तिन, निबन्ध तिन, जविनी तिन, मनोवाद एक, वादविवाद एका, चिठी एक र एकाङ्की एक रहेका छन् । लेखक र पाठ्यवस्तुको चित्र गरी जम्मा ४५ चित्रहरुको प्रयोग गरिएको छ । चित्रहरु श्यामस्वेत रङ्गमा छन् । चित्रहरु पूर्ण छैनन् तापनि त्यसले कुनै प्रत्यक्ष असर पार्ने देखिन्न ।

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह, दोस्रो वर्ष नेपा.शि. ५९८ को पाठ्यांशको प्रयोजनको लागि प्रस्तुत गरिएको हो ।

कक्षा दशको नेपाली किताबमा समावेश गरिएका चित्रहरुको विश्लेषण गर्नु प्रस्तुत शोधको मुख्य उद्देश्य हो । मूलतः पुस्तकालयीय विधिबाट सामग्री सङ्कलन तथा व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

जम्मा पाँच अध्यायमा संरचित प्रस्तुत शोधकार्यको क्रमशः शोधपरिचय, सम्बन्धित साहित्यको पुनरावलोकन तथा पूर्वकार्यको समीक्षा, शोधविधि तथा अध्ययन प्रक्रिया, व्याख्या तथा विश्लेषण र सारांश, निष्कर्ष र उपयोगिता गरी अध्याय विभाजन गरिएको छ ।

कक्षा दशको नेपाली पाठ्यपुस्तकमा राखिएका १६ पाठहरुमा ४५ मात्र चित्रहरु समावेश गरिएको छ । उक्त चित्रहरुलाई बाह्यआन्तरिक आधारहरु खडा गरेर व्याख्या तथा विश्लेषण गरिएको छ ।

बाह्य पक्षअन्तर्गत बनोट, दुरुस्तता र वास्तविकता, सङ्ख्यामा पर्याप्तता, चित्रको आकार, छपाइ प्रविधि, रखाइ र आकर्षण जस्ता आधारलाई व्याख्या विश्लवेषणको आधार बनाइएको छ भने आन्तरिक पक्ष अन्तर्गत विषयवस्तु सुहाउँदा, अमूर्त विचारलाई बुझाउन सहायक, स्व-सिकाइलाई प्रवर्द्धन गर्ने, सिर्जनात्मक विचार जगाउने, बहु सङ्ख्यक विद्यार्थीको बौद्धिक क्षमता सुहाउँदो, सांस्कृतिक र भौगोलिक पूर्वाग्रहबाट मुक्त, लैङ्गिक पक्षपातबाट मुक्त आदि पक्षहरु पर्दछन् ।

यसरी हेर्दा धेरैजसो चित्रहरु बनोटका आधारमा स्तरीय भएपनि. त्यति स्तरीय छैनन् ।दुरुस्तता र वास्तविकताका आधारमा पनि कविता र जीवनी पाठका चित्रहरु कमजोर रहेका छन् । कविता र जीवनीका चित्रहरु बाहेक अन्य चित्रहरु सङ्ख्याका हिसाबले उपयुक्त नै रहेका छन् ।

आकारगत हिसावले चित्रहरु सामान्य छन् । पाठहरु छपाइ प्रविधिका हिसाबले अति त्रुटिपूर्ण देखिँदैनन् । रखाइका हिसावले पाठहरु स्तरीय त छन् तर आकर्षणका हिसाबले कतिपय पाठहरु मध्यम नै रहेका छन् । विषयवस्तुका हिसाबले .चित्रहरु अपुग रहेका छन् । कविता तथा जीवनी पाठका चित्रहरु अर्मूत छन् भने अन्य चित्रहरु सरल छन् । ४५ चित्रहरुमध्ये सबै चित्रहरु सान्दर्भिक रहेका छन् । चित्रहरु भाव वा विचारका संवाहक हुनु जरुरी छ । यसतर्फ सचेतता अपनाइएको पाइँदैन ।

## ५.३ उपयोगिता

अमूर्त कुरालाई वा सजीव रुपमा प्रस्तुत गर्न नसकिने वस्तुलाँई चित्रका माध्यमले प्रस्तुत गर्दा र त्यसको व्याख्या वा विश्लेषणमा आवश्यक पर्ने शिक्षण विधि तथा तालिमको व्यवस्था गर्न, विद्यार्थीका रुचि, क्षमता, तह, अनुभव र उमेर एवम् स्तर अनुसार चित्रहरु प्रयोग गर्ने सचेतता अनिवार्य देखिन आएको छ । त्यहाँ यो उपयोगी बन्ने देखिन्छ ।

### ५.३.१ नीतिगत तह

१. चित्रलाई यथासम्भव रङ्गीन र आकर्षक बनाउन नीतिगत व्यवस्था हुनुपर्ने,

२. चित्रको व्याख्या र विश्लेषणका लागि आवश्यक तालिम र पृष्ठपोषणको व्यवस्थालाई अनुगमन गर्नुपर्ने ।

### ५.३.२ प्रयोगगत तह

१. पाठमा चित्रको प्रयोग गर्दा यथासम्भव भावबोधमा सरल हुने चित्रहरुलाई प्रयोगमा ल्याउनुपर्ने,

२. चित्र चित्ताकर्षक, प्रेरणादायी, स्पस्ट र गहन हुनुपर्ने कुरामा र त्यसको कार्यान्वयनमा नै यसको शैक्षिक प्रयोजन रहेको मान्न सकिन्छ ।

## ५.४ भावी अनुसन्धानका सम्भावित शीर्षकहरु

१.कक्षा दशको नेपाली पाठ्यपुस्तकका चित्रहरुको सान्दर्भिकताो अध्ययन,

२.पाठमा चित्रको आवश्यकताको अध्ययन,

३. माध्यमिक तहको नेपाली किताबमा प्रयुक्त चित्रहरुको अध्ययन ।